
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १३ गते सोमबार ❑ 27 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## बेलुका बाटो सिधा भएर हिँड्न नसक्ने मान्छे एमाले हुन सक्दैन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १२ चैत

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मदिरा सेवन गर्ने मानिस एमालेको कार्यकर्ता हुन नसक्ने बताउनुभएको छ ।

नेकपा एमाले जिल्ला कमिटी अर्घाखाँचीले सन्धिखर्कमा गरेको मिसन ग्रासरुट अभियानअन्तर्गत कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "बेलुका बाटो सिधा भएर हिँड्न नसक्ने मान्छे देखियो भने त्यो एमाले होइन भनेर जाने हुन्छ, एमाले नेता तथा कार्यकर्ता बोलीवचनबाट छुट्टिनुपर्छ।" समृद्ध नेपाल, सुखी नेपाली बनाउने




अभियान एमालेको रहेको भन्दै उहाँले सुशासनसहित र भ्रष्टाचाररहित देश बनाउन नेकपा एमाले राष्ट्रिय शक्ति निर्माणमा लागेको बताउनुभयो ।

एमाले एक्लैले ५१ प्रतिशत ल्याउनेमा ढुक्क हुन कार्यकर्तालाई आग्रह गर्दै उहाँले भन्नुभयो, "मिसन ग्रासरुटमार्फत एमालेले ५१ प्रतिशत उपलब्धि हात पार्छ ।"

अध्यक्ष ओलीले हरेक वडा, हरेक पालिका हरेक प्रदेश र सङ्घका सबै निर्वाचनमा ५१ प्रतिशत बढी ल्याउने गरी एमाले सङ्गठन निर्माणमा लागेको जानकारी दिनुभयो। एमाले जस्तो पार्टीका कार्यकर्ताले पार्टीलाई भोट नदिने कुरा सोच्नै नसक्ने उहाँको भनाइ थियो । व्यक्तिसँग अन्तरविरोध भए पनि पार्टीलाई जिताउन सबै लाग्नुपर्ने बताउँदै समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थकता दिलाउन अन्तरविरोध गरेर भोट नदिने कार्य नगर्न कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो ।

## राष्ट्रपतिद्वारा गोरखकाली र गोरखनाथ मन्दिरमा पूजाअर्चना

**पोखरापत्र संवाददाता**
गोरखा, १२ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले गोरखामा रहेको नेपालकै प्रसिद्ध धार्मिकस्थल गोरखकाली मन्दिर र गोरखनाथ मन्दिरमा पूजाअर्चना गर्नुभएको छ ।

आइतबार बिहान करिब साढे ९ बजे नेपाली सेनाको हेलिकोप्टर चढेर गोरखा पुग्नुभएका उहाँले गोरखनाथ र गोरखकाली मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको हो । उहाँलाई गोरखा दरबारका मूल पुजारी शारदाप्रसाद भट्टराईले विधिपूर्वक पूजाअर्चना गराउनुभएको थियो । गोरखकाली मन्दिरको पूजासकेलगत्तै राष्ट्रपति पौडेललेसँगै रहेको गोरखनाथ मन्दिरमा पनि पूजा गर्नुभएको हो । मन्दिरमा पूजा



गरेर फर्किएरपछि उहाँले गोरखा सदरमुकामस्थित ठूलो आँगनमा रहेको नेपाल एकीकरणका अभियन्ता तत्कालीन राजा पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पणसमेत गर्नुभयो । उहाँले आइतबार नै ऐतिहासिक गोरखा दरबार सङ्ग्रहालयकोसमेत अवलोकन गर्नुभएको छ । दरबार सङ्ग्रहालयको अवलोकनका क्रममा त्यहाँ रहेका स्थानीयसँग पनि केहीबेर राष्ट्रपति पौडेलले कुराकानी गर्नुभएको थियो । राष्ट्रपति पौडेल आजै सेनाको हेलिकोप्टरमार्फत काठमाडौँ फर्कनुभएको छ ।

## आफ्नै कमजोरीले सङ्घीयताप्रतिको वितृष्णा चुलिँदो छ : डा कोइराला

**रासस**
काठमाडौं, १२ चैत

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पछिल्लो समय आफ्नै कमी कमजोरीले सङ्घीयताप्रतिको वितृष्णा चुलिँदो भएको बताउनुभएको छ ।

"अब हामी ढिलो नगरी जनअपेक्षाअनुरुप संसद्, सरकार र प्रतिपक्ष सबै एकै ठाउँमा उभिएर नागरिक चिन्तालाई सम्बोधन गर्न अगाडि बढ्नुको विकल्प छैन", प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा बोल्दै उहाँले भन्नुभयो, "हाम्रा कमी कमजोरीले सङ्घीयता र प्रदेश संरचनाप्रतिको वितृष्णा दिनप्रतिदिन चुलिँदो छ। यो हाम्रो राजनीतिक प्रणालीको असफलताको पहिलो खुड्किलो हो ।" उहाँले २०४८ सालमा ल्याएको सुधारको शृङ्खलालाई निरन्तरता दिन नसक्दा नै अहिले समस्या उत्पन्तन भएको धारणा राख्नुभयो । उहाँले लोकतान्त्रिक राजनीतिक प्रणालीले विशिष्ट मूल्यपद्धति र नैतिक मूल्यको अपेक्षा गर्ने उल्लेख गर्दै राजनीतिक पद्धति जतिसुकै राम्रो भए पनि त्यसअनुरुप व्यवहार नभएको बताउनुभयो । उहाँले देशमा अराजकताले मात्रै प्रश्रय पाउँदा राजनीतिक उपलब्धि पनि धरापमा पर्ने उल्लेख गर्नुभयो।

सरकारको सामु चुनौतीको चाङ भए पनि नागरिकलाई भरोसा र विश्वास लिएर अगाडि बढ्दा अवसरका अपार सम्भावना रहेको उहाँको भनाइ छ। उहाँले देशको सबल अर्थतन्त्रका लागि फजुल खर्च कटौती गर्दै राजनीतिक सहमति कायम गरी अघि बढ्न आग्रह गर्नुभयो । नागरिकको विश्वास र संसद्को समर्थनबाट देशमा देखापरेको अर्थतन्त्रको सङ्कट सम्बोधन गरेर समृद्धिको यात्रा तय गर्न सकिने उहाँको धारणा छ । "यसका लागि प्रधानमन्त्रीले इच्छाशक्तिले मात्रै पुग्दैन", उहाँले भन्नुभयो, "सम्पूर्ण मन्त्रिमण्डललाई नैतिकरुपमा तलमाथि गर्न नदिने प्रण गर्नुपर्छ।"

समाजवाद भ्रष्टाचारको जगबाट नआउने भन्दै उहाँले समन्यायिक समाज बनाउन विचार, व्यवहार र दृष्टिकोण आवश्यक पर्ने बताउनुभयो । "साझा सङ्कल्प र प्रयत्नबाट अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रको विश्वास जित्न सकिन्छ, विश्वबाट लगानीको अवसर नेपाल भित्र्याएर बेरोजगारीलाई सम्बोधन गर्न आवश्यक छ", उहाँले भन्नुभयो । सरकारी निकायले उद्योग-व्यवसायमाथि झन्झट थोपर्ने, दोहन गर्ने र हैरान पार्ने काम बन्द गर्नुपर्ने, उद्योग-वाणिज्य महासङ्घ, उद्योग परिसङ्घ, चेम्बर अफ कमर्श लगायतले लगानी र रोजगारी बढाउन ऐन, कानुन र प्रक्रियामा सुधारका लागि दिएका सुझावको निरपेक्ष अध्ययन गरेर आवश्यकता अनुसार सुधार गर्दै जानुपर्ने उहाँको भनाइ थियो ।

उहाँले जनतामा आशा र भरोसा नजगाइ लोकतन्त्रको संरक्षण गर्न पनि नसकिने बताउँदै सम्भव भएसम्म अब सर्वाङ्गीण आर्थिक सुधारका काम अगाडि बढाउन आग्रह गर्नुभयो ।

लोकतान्त्रिक राजनीतिक प्रणालीलाई अक्सिजन दिएर बचाउने, बढाउने र जोगाउने काम आर्थिक विकासवाट मात्र सम्भव हुने उल्लेख गर्दै नेता कोइरालाले नेपालका प्रत्येक नागरिकको जीवनमा देखिने गरी आउने दिगो सुधारले मात्र यो सम्भव हुने धारणा व्यक्त गर्नुभयो ।

## सेती नदीको दोहन रोक्न संरक्षण अभियान

**पोखरापत्र संवाददाता**
कास्की, १२ चैत

अन्नपूर्ण हिमशृङ्खलाबाट उद्गम भई कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगरपालिकाको मध्यभाग भएर बग्ने सेती नदीको संरक्षणका लागि संरक्षण अभियान सुरु भएको छ ।

नदीबाट अवैज्ञानिकरूपमा नदीजन्य सामग्रीको उत्खननले नदी तीव्ररूपमा कुरुप हुँदै गएपछि संरक्षणका लागि अभियान सुरु गरिएको हो । केही वर्षदेखि नदीबाट तीव्ररूपले ढुङ्गा, बालुवा र गिट्टीको उत्खननले वातावरणीय असर पर्न थालेपछि प्रभावित क्षेत्रका नागरिकले अभियान सुरु गरेका हुन् । सेती नदीबाट बढ्दो सहरीकरणले माग गरेको नदीजन्य सामग्रीको दोहन रोकी नदीको संरक्षण र वैज्ञानिक उपयोग गर्नका लागि अभिप्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरी अभियान सुरु गरिएको अभियन्ता हेमराज पौडेलले बताउनुभयो ।

नदी संरक्षण अभियानलाई संरक्षण संस्थाका रूपमा अघि बढाउँदै सेती नदीको वैज्ञानिक नक्साङ्कन गर्नका लागि सरोकारवाला निकायमा पैरवी गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सेती नदी संरक्षणको वैज्ञानिक योजना निर्माण गरी लागू गर्नका लागि तीनै तहका सरकारसँग पैरवी र सहकार्य गर्नेछौं ।"

सेती नदी र यसका मुख्य सहायक नदीहरूको जलाधार लगायत जल, जमिन, जङ्गल, भौतिक पूर्वाधार र धार्मिक तथा सांस्कृतिकस्थल र संरचनाको संरक्षण र वैज्ञानिक उपयोगसम्बन्धी जनसमुदायमा सचेतना फैलाउने र दोहनको खबरदारी गर्ने गरिने पौडेलले बताउनुभयो। सुरुआतमा सेती नदी बचाउ अभियानको कार्यक्षेत्र पोखरा महानगरपालिका र माछापुच्छ्रे गाउँपालिका रहेको छ । वडाहरूमा सेती नदी बचाऔं जनअभियानका भेलाहरू भएर वडास्तरीय समिति गठन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महसुल बृद्धि बिरुद्ध स्याङ्जाका जनप्रतिनिधि


**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ चैत

बुटवल पावर कम्पनीद्धारा प्रबर्द्धित स्याङ्जाको गल्याङमा रहेको आँधीखोला वितरण केन्द्रले प्रश्ताव गरेको विद्युत महसुल बिरुद्ध जिल्लाका जनप्रतिनिधिले बिरोध जनाएका छन् । कम्पनीले आवश्यक परामर्श विना महसुल बढाउँन लागेको भन्दै जनप्रतिनिधिले बिरोध जनाएका हुन् ।

स्थानीय जनप्रतिनिधि र सरोकारवालासँगको समन्वय विना कम्पनीले विद्युत नियमन आयोग मार्फत महसुल बृद्धिको प्रश्ताव गरेको छ । महसुल बृद्धि गर्नुपर्ने आधार सहित स्थानीयस्तरमा छलफल नै नगरी एकलौटी तबरबाट महसुल बृद्धिको प्रश्ताव गरेपछि प्रतिनिधि आक्रोशित भएका हुन् । कम्पनीले ९ दशमलब ४ मेगावाटको वितरण केन्द्र मार्फत ३५ हजार भन्दा बढि ग्राहकलाई ५ रुपैयाँ ८० पैसामा प्रतियुनिट विद्युत बिक्री गर्दै आएको छ । संचालन, मर्मतसम्भार खर्च बढि भएको भन्दै कम्पनीले आयोग मार्फत प्रतियुनिट ११ रुपैयाँ महसुल प्रश्ताव गरेको छ ।

कम्पनीले आयोगसँगको मिलोमतोमा एक्कासी महसुल बृद्धिको प्रश्ताव गरेपछि स्थानीय झस्किएको गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले बताए । "महसुल बृद्धि गर्नुको आवश्यकताका बारेमा स्थानीयस्तरमा छलफल गरेर निचोडमा पुग्न सकिन्थ्यो ।" प्रमुख भट्टराईले भने, "पत्रपत्रिकामा सूचना प्रकाशन गरेर काठमाडौंमा सार्वजनिक सुनुवाई गरेकै आधारमा महसुल बृद्धि गर्न पाईदैन् ।"

विद्युत नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंह र बुटवल पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तरकुमार श्रेष्ठको साँठगाँठमा महसुल बृद्धि गर्न लागिएको स्थानीयको आरोप छ। आयोगका अध्यक्षले कम्पनीसँग मिलोमतो गरेर महसुल बढाए बढेको मुल्य तिर्न नसकिने स्थानीयले बताए।"स्याङ्जाको भुमि र पानी प्रयोग गरेर आम्दानी लिने कम्पनीले न्यूनतम आधारभूत प्रक्रिया समेत पुरा गरेको देखिदैन् ।" प्रमुख भट्टराईले भने, "स्थानीयस्तरमा छलफल, आवश्यक परामर्श लिनुको सट्टा विद्युत नियमन अयोगसँगको मिलोमतोमा महसुल बृद्धिको प्रश्ताव गरिएको छ ।" आयोगको आडमा कम्पनी एकतर्फी महसुल बढाए कम्पनीलाई नै क्षति पुग्ने भट्टराईले चेतावनी दिए। प्रश्तावित महसुल स्वीकृत स्वरुप विद्युत नियमन आयोगको समन्वयमा काठमाडौमा हालै सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सांसद सरस्वती तिवारीले कर्मकाण्डी सुनुवाईको औचित्य स्वीकार गर्न नसकिने स्पष्ट बताईन् । उपभोक्ताको परामर्श विना महसुल बृद्धि गरिए आयोग र कम्पनी बिरुद्ध आन्दोलन गर्न बाध्य हुने दाबी गरिन् । महसुल बृद्धिका कारण र आवश्यकताका बारेमा उपभोक्तासँग कम्पनीले आवश्यक परामर्श गरेकै छैन् । स्याङ्जा र पाल्पाका झण्डै एक दर्जन स्थानीय तहमा विद्युत बिक्री गर्दै आएको कम्पनीले एकलौटी रुपमा महसुल बृद्धिको प्रश्ताव गरेपछि उपभोक्ता समेत आक्रोशित भएका छन् । आयोगले कम्पनीलाई नाफा दिलाउन र कम्पनीले आयोगलाई कमिशन दिन महसुल बृद्धिको चलखेल भएको उनीहरुको आरोप छ । कमिशन पाउने आशमा आयोग र नाफा कमाउने ध्याउन्नमा लागे आयोग र कम्पनीका बिरुद्ध आन्दोलन गरिने जनप्रतिनिधिले बताए । उपभोक्ताका तर्फबाट हामीले कुरा राखेको छौं, राखेका कुरालाई सामान्य रुपमा लिन क्षति आयोग र कम्पनीलाई पुग्ने प्रतिनिधिको एउटै आवाज छ ।



# स्याङ्जामा झण्डै ३४ प्रतिशत जनसंख्या निस्क्रिय

**प्रकाश डोटेल**
स्याङ्जा, १२ चैत

स्याङ्जामा १० वर्ष माथिका झण्डै ३४ प्रतिशत नागरिक आर्थिक काम नगरी निस्क्रिय रहेको पाईएको छ । आर्थिक काममा संलग्न रहन सक्ने जनसंख्याको ३३ दशमलव ४ प्रतिशत नागरिक आर्थिक रुपमा निस्क्रिय रहेको जनगणना २०७८ को तथ्याङ्कमा पाईएको हो ।

जनगणनाको समयमा १० वर्ष पुगेको गणनाको समय देखि अघिको १२ महिनासम्म कुनै पनि आर्थिक काम नगरेको संख्या जिल्लामा ठूलो छ । गणना समय अघिको १२ महिनासम्म जिल्लामा ७२ हजार ४ सय ७३ जनाले कुनै पनि आर्थिक काम नगरेको तथ्याङ्कमा उल्लेख गरेका छन् । आर्थिक काममा संलग्न कुल संख्या २ लाख १६ हजार ७ सय ८९ भएपनि २६ हजार ९ सय ८ जनाले ३ महिना कम र ३ महिना भन्दा बढि तथा ६ महिना भन्दा कम २७ हजार ९ सय ९४ जनाले आर्थिक काम गरेका छन् । ६ महिना भन्दा बढि आर्थिक काम गर्नेको संख्या ८९ हजार ४ सय १४ जना रहेको छ । उता १० वर्ष र सो भन्दा माथिका आर्थिक क्रियाकलापमा रहन सक्ने कुल २ लाख १६ हजार ७ सय ८९ मध्ये कै जनसंख्याको २९ दशमलव ५ प्रतिशत अर्थात ६३ हजार ८ सय ६५ जना आर्थिक रुपमा निस्क्रिय रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ । तथ्याङ्क अनुसार काम गर्न सक्ने कुल संख्याको ६९ दशमलव ९ अर्थात १ लाख ५० हजार ९ सय ९९ जना आर्थिक क्रियाकलपामा संलग्न छन् । आर्थिक क्रियाकलापमा संलग्न हुनसक्ने उमेर भएपनि १ हजार ९ सय २५ जनाले कामको श्रोत उल्लेख गरेका छैनन् । पछिल्लो जनगणना अनुसार स्याङ्जामा २ लाख ५३ हजार २४ जनसंख्या रहेको छ । आर्थिक क्रियाकलापमा सक्रिय रहेको भनिएको १ लाख ५० हजार ९ सय ९९ जनसंख्या मध्ये १ लाख २ हजार ७ सय ८६ जनाले मात्रै प्रायः सक्रियता पूर्वक काम गर्दै आएका छन् । सक्रिय संख्याको ३१ दशमलव ९ प्रतिशत अर्थात ४८ हजार २ सय १३ जनाले कहिलेकाहि सक्रिता देखाउने गरेको तत्याङ्कमा सार्वजनिक गरिएको छ ।

जनगणनाको समयमा आर्थिक क्रियाकलापको पेशागत रुपमा सबै भन्दा धेरै कृषिजन्य उत्पादनमा ६४ दशमलव ७ प्रतिशत जनसंख्या आबद्ध छ । त्यस्तै प्रथामिक पेशा कामदारमा १४.६, सेवा तथा बस्तुमा बिक्रीमा ४.३, व्यवस्थापनामा ४.१ र पेशाविद्मा ४ प्रतिशत सहित केहि संख्या शिल्पकला तथा कारखाना यन्त्र पेशामा आबद्ध छन् ।

# पूर्व कर्मचारी सेवा परिषदको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

पूर्व कर्मचारी सेवा परिषद, नेपाल कास्की शाखाले निजामती अस्पतालको सुविधा पोखरामा ल्याउन विशेष पहल गर्ने भएको छ । पूर्व कर्मचारी सेवा परिषद, नेपाल कास्की शाखाको शनिबार पोखरामा सम्पन्न भएको ८ औं बार्षिक साधारण सभाको अवसरमा परिषदले उक्त बिषयको पहल गर्ने जनाएको हो ।

परिषदले त्यसैगरी दीवा सेवालाई थप प्रभावकारी बनाउने, परिषदको वेवसाइड बनाउने, विभिन्न समितिलाई सक्रिय बनाउने लगायतका भावी योजना अघि सारेको परिषदका अध्यक्ष नरहरी बरालले बताए । राजधानीमा प्राप्त हुदै आएको निजामती अस्पतालको सुविधा पोखरामा आवश्यक भएकोले त्यसको लागि सबैले सहयोग गर्न उनले आग्रह समेत गरे । उक्त



अस्पताल स्थापना गर्न सके पूर्व कर्मचारीहरुको उपचारमा करिब ४० प्रतिशतसम्म विशेष छुटको व्यबस्था हुने अध्यक्ष बरालले बताए । उक्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थले पूर्व कर्मचारीहरुले समाजमा मार्ग दर्शकको रुपमा आफुले सिकेका ज्ञान तथा सिप युवा पुस्तालाई हस्तान्तरण गर्न सुझाव दिए । परिषदका अध्यक्ष बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव अणप्रसाद न्यौपाने, प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा. विनोद विन्दु शर्मा, पूर्व राष्ट्र सेवक संगठन राष्ट्रिय समन्वय परिषदका लिलाधर पौडेल, पूर्व कर्मचारी सेवा परिषद पर्वतका अध्यक्ष देवी प्रसाद तिमिल्सिना, विन्ध्यवासिनी प्राकृतिक चिकित्सालयका माधव पराजुली, निवर्तमान अध्यक्ष कृष्णकान्त सिग्देल, प्रमुख सल्लाहकार कृष्ण प्रसाद भण्डारी, उपाध्यक्ष अनन्त लम्साल, सचिव सुर्य प्रसाद बराल, कोषाध्यक्ष रामप्रसाद भण्डारी लगायतले वोलेका थिए । परिषदको उत्कृष्ट कार्य गर्ने नन्द प्रसाद बराल, गिरधारी सुवेदी, वेद प्रसाद पौडेल, पूर्ण कुमारी श्रेष्ठलाई सम्मान गरिएको छ । रामबाबु ज्ञानु नेपालले स्थापना गरेको नानायण प्रसाद नरेन्द्र कुमारी स्मृति पुरस्कारबाट पृथ्वीनारायण क्याम्पस व्याबस्थापन संकायबाट सबै भन्दा बढी अंक ल्याउन सफल उषा थापालाई नगद १० हजार सहित सम्मान गरिएको अध्यक्ष नरहरी बरालले बताए । खुल्ला प्रतिष्पर्धाबाट स्वास्थ्य सेवामा नवौं तहमा उत्तीर्ण हुने माधव बरालको छोरा पंकज बराललाई समेत सम्मान गरिएको थियो ।

# सामुदायिक वन मादीको अध्यक्षमा सिर्जना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

सामुदायिक वन उपभोक्ता महासंघ मादी गाउँपालिकाको दोश्रो अधिवेशनले सिर्जना अर्याल पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ ।

पाँच बर्षे कार्यकाल रहेको सो समितिको उपाध्यक्षमा बृहस्पिति सापकोटा, सचिव विजयराज अधिकारी,कोषाध्यक्षमा कृष्णकुमारी सुवेदी आचार्य र सदस्यहरुमा मिनाकुमारी अधिकारी,लक्ष्मी अधिकारी,धनकुमारी पट्यानी,अप्सरा देवकोटा,राम पौडेल र खडक बहादुर आले निर्वाचित हुनुभएको छ । त्यसैगरी अधिवेशनले गण्डकी प्रदेश प्रतिनिधिमा हिमलाल आचार्य, विष्णुप्रसाद गौतम, रामचन्द्र अधिकारी, बुद्धिसागर सापकोटा, गोमा गुरुङ, कमला सापकोटा, शान्ति रानाभाट र वुद्धिमाया बराल सापकोटा र वम बहादुर क्षेत्री, इन्द्रबहादुर खत्री, हरिप्रसाद सापकोटा, विष्णुकुमारी पौडेल, शान्ति सापकोटा र पवित्रा गौतमलाई जिल्ला प्रतिनिधि चयन गरेको छ । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य एवम् कास्की समन्वय समितिका उपप्रमुख सरिता कुमालले अधिवेशनको शुभारम्भ गर्दै महिला नेतृत्व विकासमा सामुदायिक वन वरदान सावित बनेको विचार व्यक्त गर्नुभयो ।

महासंघका केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले नेपाल सगरमाथा र बुद्ध जन्मभूमिसंगै पछिल्लो समय सामुदायिक वनको देशको रुपमा विश्वसामु परिचित हुन सफल भएको उल्लेख गर्नुभयो । महासंघ गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदीले कानूनी अडचनका कारण सामुदायिक वन समूहमा काठ कुहिने र विदेशबाट खरवौ मुल्य वरावरको काठ आयात हुँदा मुलुकमा हरित रोजगार सिर्जना हुन नसकेको बताउनुभयो ।

मादी गाउँपालिका वडा नं. १२ का वडाअध्यक्ष कृष्णराज दाहालले वन समुह र पालिकाको सहकार्यमा वनलाई आयआर्जनको माध्येम बनाउनुको विकल्प नभएको बताउँदै वन तथा वातावरण क्षेत्रको विकासमा पालिकाको सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । स्थानीय महासंघका अध्यक्ष प्रकाश पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछाने, सचिव सिर्जना पौडेल लगायतले मानव वन्यजन्तुद्धन्द व्यवस्थापनमा तीनै तहका सरकार जिम्मेवार हुनु पर्नेमा सामूहिक धारणा राख्नुभएको थियो ।

# अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण जेठ २० गते

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवसका सन्दर्भमा सेन्चुरी पर्यटन समितिले अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म (१४२.१९५ किमी)को अन्नपूर्ण म्याराथन आउँदो जेठ महिनामा आयोजना गर्ने भएको छ ।

कोभिड-१९ का कारण दुई संस्करण स्थगित भए पनि समितिले यसपटक अन्नपूर्ण म्याराथनलाई निरन्तरता दिन लागेको समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण आधार शिविरको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न विगतमा निरन्तर पर्यटन महोत्सव र अन्नपूर्ण म्याराथन गरिँदै आइएको थियो । प्रतिकूल परिस्थितिका कारण गत वर्षका कार्यक्रम स्थगित भए पनि यसपटक पूर्वनिर्धारित समयअनुसार नै कार्यक्रमलाई निरन्तरता दिइने समितिका सचिव मिकास गुरूङले बताउनुभयो ।

विसं २०७५ फागुन १५ को हिमपातबाट अन्नपूर्ण आधार शिविरमा आएको हिमआँधीले अन्नपूर्ण आधार शिविरका होटलमा गम्भीर क्षति भएको थियो । नेपाल भ्रमण वर्ष २०२० घोषणा भएलगत्तै अन्नपूर्ण पदयात्रा मार्गको हिन्कु केभमा हिमपहिराका कारण भएको दुःखद् घटना र विश्वव्यापी कोभिड-१९ को सङ्क्रमण र त्यसको नियन्त्रण लागि अपनाइएको निषेधाज्ञाका कारण त्यस क्षेत्रको पर्यटन व्यवसायसँगै देशको सम्पूर्ण अर्थतन्त्रमा समेत गम्भीर असर परेको व्यवसायी बताउँछन् ।

पर्यटन क्षेत्रलाई धरासायी हुन नदिनका विषेश राहत प्याकेज कार्यक्रम सञ्चालन गरी अर्थतन्त्रको सवलीकरण गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग विशेष अनुरोध गर्ने समितिले जनाएको छ ।

**सचेत नागरिकको पुण्य काम, मृत्युपछि अंगदान ।**

◆ मानसि जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अंगदान गर्न सक्छन् ।

◆ मृत शरिरको दुईवटा मृगौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङक्रियाज र सानो आन्द्रासमेतको अंगदान गरी आठ जनासम्मको ज्यान बचाउन सकिन्छ ।

◆ मस्तिष्क मृत्यू (Brain Death) भएका व्यक्तिको पनि अंग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पृथ्वी राजमार्ग बन्द हुने समय थपियो

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ चैत

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको विमलनगरदेखि घाँसीकुवा सडकखण्ड बन्द हुने समय थप गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी काशीराम गैरेले उक्त सडकखण्ड थप १९ दिन बन्द गरिने भएको जानकारी दिनुभएको हो । मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डअन्तर्गत विमलनगरदेखि घाँसीकुवा खण्डमा मर्मतका लागि चैत १२ देखि ३० गतेसम्म रातिको समयमा चार घण्टा राजमार्ग बन्द गरिने भएको छ । यस क्षेत्रमा भिर कटानको काम अझै बाँकी रहेकाले आज सूचना जारी गरी समय थप गरिएको गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि दुई पटक समय थप गरिए पनि भिर कटान कार्य नसकिएकाले समय थपिएको हो । यसअघि फागुन २८ देखि चैत १२ गतेसम्म रातिको समयमा चार घण्टा राजमार्ग बन्द सूचना प्रकाशित गरिएको थियो । गैरेले पहिलो पटक सूचना जारी गर्दै फागुन १८ देखि २७ गतेसम्म राती १२ देखि बिहान ४ बजेसम्म बन्द हुँदै आएको यो खण्ड पुनः चैत १२ गतेसम्म बन्द गरी सडकको भित्तो काट्ने काम गरिने जानकारी गराउनुभएको थियो । उक्त समयसम्म अत्यावश्यक सवारी साधानबाहेक सवारी साधन पूर्णरूपमा बन्द गरी काम गर्ने जिल्ला सुरक्षा समिति बैठकले निर्णय भएको उहाँले जानकारी दिनुभयो ।

## सेती...

गरिएको छ । सेती बचाउ अभियानले यसअघि पोखरा महानगरपालिका-१९ र माछापुच्छ्रे गाउँपालिकाको सेती नदीको तटीय क्षेत्रमा विनास बढेको भन्दै उत्खनन बन्द गर्न उच्च अदालत पोखरामा रिट दायर गरेको थियो ।

सेती नदीबाट ढुङ्गा, माटो, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको जथाभावी उत्खनन भइरहेको विषयमा परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले यही चैत ८ गते तत्काल उत्खनन रोक्न अन्तरिम आदेश जारी गरेको थियो । अदालतको आदेशपछि समेत उत्खनन नरोकिएको भन्दै अभियन्ताहरूले प्रशासनको ध्यानाकर्षण गराएका छन् ।

सेती नदी र मर्दी नदी दोभान आसपास डोजर, एक्साभेटर लगायतका सामग्री प्रयोग गरी नदी दोहन भइरहेको भन्दै पौडेलले अदालतमा रिट निवेदन दिएका थिए । यसबीच सेती संरक्षण अभियानको शनिबार भएको भेलाले अभियन्ता पौडेलको अध्यक्षतामा सेती संरक्षण संस्था दर्ता गर्ने गरी तदर्थ समिति गठन गरिएको हो ।

समितिको उपाध्यक्षमा धर्मराज बाँस्तोला, सचिव सोमनाथ पौडेल, सहसचिव केशवराज अधिकारी र कोषाध्यक्ष सीता पौडेल (आचार्य) रहनुभएको छ भने सदस्यमा धरेन्द्रनारायण पौडेल, भुवन पोखरेल, घनश्याम तिमिल्सिना, श्रीप्रसाद घले र चन्द्रा थापा अधिकारी रहनुभएको छ ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कांग्रेसलाई सत्ताको हतारो

आइतबार माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएकोछ। सरकारमा सहभागी कांग्रेस र जनमत पार्टीका मन्त्रीले राजिनामा बुझाएका छन्। अब लुम्बिनीका मुख्यमन्त्री गिरीले संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्छ।लुम्बिनी प्रदेशमा सबैभन्दा ठूलो दल एमाले भएको हुँदा दुई वा दुई भन्दा बढी दलको समर्थनमा मुख्यमन्त्री बनेका गिरीले विश्वासको मत पाएका थिए ।नेकपा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले एमाले गठबन्धन तोडेर कांग्रेससंग गठबन्धन गरेपछि प्रदेशको गठबन्धन भत्कन शुरु भएको हो । माओवादीसँग गठबन्धन भत्किएपछि प्रदेशका एमाले नेतृत्वका सरकार धरापमा परेका छन।अब एमाले नेतृत्वका सरकारले फेरि विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ।

३० दिनभित्र विश्वासको मत लिनुपर्ने र विश्वासको मत नपाए पद मुक्त हुनेछन् ।त्यसपछि मात्र नयाँ सरकार गठनको आब्हान प्रदेश प्रमुखले गर्ने संविधानको बाटो हो । लुम्बिनीमा विपक्षी गठबन्धनले संविधान र कानुनलाई बेवास्ता गरेर सत्ताका लागि समर्थन फिर्तासँगै प्रदेश प्रमुखलाई मुख्यमन्त्री दावी गर्नु हतारो हो ।सत्ता लिप्सा र संविधान विपरीत हो । राजिनामा दिए सरकारलाई दिएको समर्थन फिर्ताको औपचारिक प्रक्रिया नै पूरा नगरी एकाएक आकर्षित गर्ने नहुने संविधानको धारा १६८(२) बमोजिम मुख्यमन्त्री दाबी गरिनु अपरिपक्व काम हो । लुम्बिनीमा नेपाली कांग्रेस, माओवादी केन्द्रसहितका दलले कांग्रेसका डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्री नियुक्ति गर्न प्रदेश प्रमुखसमक्ष निवेदन दिएका छन।आव्हान नभएसम्म जानू हतारो हो।कांग्रेस जस्तो संसदीय राजनीतिको वकालत गर्ने पार्टीले किन हतारो गरेको हो विचारणीय छ।

विश्वासको मत लिनका लागि संविधानमै धारा तोकेर ३० दिनको समय दिएको र त्यसबेला पनि विश्वासको मत नपाए प्रदेश प्रमुखले संसदको ठूलो दलका नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान रहेको छ । 'संविधान र कानुन अनुसार सत्ता साझेदार दलले समर्थन फिर्ता लिए मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेश सभामा विश्वासको मत छ छैन टेस्ट गर्न पाउँछ ।' संविधान र कानुन मिचेर एक मिनेट पनि सरकारमा बस्न मिल्दैन । मुख्यमन्त्रीले संविधान विपरीत सत्ताकेन्द्रित गठबन्धनले भन्दैमा तत्काल पद छाड्ने बाध्यता छैन । 'ठूलो दलको हैसियतमा मुख्यमन्त्री नियुक्त भएर फेरि ३० दिन भित्रमा विश्वासको मत नपाएको खण्डमा बल्ल मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने हुन्छ'।, 'संविधानले किटान गरेको प्रक्रिया र विधि हुँदा हुँदै पनि विपक्षी गठबन्धनका दलहरुले कानुन विपरीत दाबी गलत हो । कांग्रेस , माओवादी लगायतका केही दलहरुले संवैधानिक प्रबन्ध र कानूनी शासनको समेत उपहास हुनेगरी हतारो प्रदेश खारेज गर्नुपर्छ भन्नेलाई सघाउने काम मात्र हो। सरकार गठनका लागि पेश गरिएको दावी संविधान विपरीत हो । '१६८(२) अन्तर्गत गठित सरकार रहेकै अवस्थामा उही धारा अनुसार अर्को सरकार गठनको दाबी प्रस्तुत असंवैधानिक र अनुचित हुन्छ ।

सरकारमा सहभागी कुनै दलले समर्थन फिर्ता लिएमा प्रदेश सभामा ३० दिनभित्र विश्वासको लिने र विश्वासको मत प्राप्त गर्न नसकेमा धारा १६८(३) अन्तर्गत सरकार गठनको बाटो खुल्ला हुनेछ। ८७ जना सांसद रहेको लुम्बिनी प्रदेशमा बहुमतका लागि ४४ जना सांसदको आवश्यकता पर्छ । यहाँ सबैभन्दा ठूलो दलका रुपमा रहेको नेकपा एमालेसँग २९ जना सांसद छन् । कांग्रेसका २७, माओवादीका १०, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका ४/४, जनमत पार्टी र जसपाका ३/३, नेकपा एकीकृत समाजवादीका १ र १ जना स्वतन्त्र सांसद छन् । लुम्बिनीमा निर्वाचित ३ स्वतन्त्र सांसदमध्ये यसअघि नै दुईजना सांसद माओवादीबाट प्रवेश गरिसकेका छन् । प्रदेश सभामा परिक्षण गरेर मात्र संविधान अनुरुप हुन्छ।राजनीतिक रुपमा सरकार छोड्न दिएको दबाब मात्र हो ।

# उपभोक्ता समिति गठन नहुँदा योजना अलपत्र

**पोखरापत्र संवाददाता**
बलेवा, १२ चैत

बागलुङका स्थानीय तहले विनियोजन गरेको बजेट कार्यान्वयनमा उपभोक्ता समिति नहुँदा कठिनाइ भएको छ। गाउँमा उपभोक्ता समितिमा बसेर काम गर्ने युवा जनशक्ति अभावका कारण समिति गठन हुन नसक्दा समितिमार्फत सम्पन्न गर्नुपर्ने योजनाहरु कार्यान्वयनका लागि कठिनाइ भएको हो ।

काठेखोला गाउँपालिका-६ वडा कार्यालयले प्रजातन्त्रदय प्राविमा शौचालय निर्माण र अमृतपानी आधारभूत विद्यालयमा शौचालय, सुरक्षा पर्खाल, खानेपानीलगायतयोजना निर्माणका लागि बजेट विनियोजन गरेको छ । वडा कार्यालयले वर्षायाम सुरु हुनुअघि नै योजना सम्पन्न गर्ने लक्ष्य राखे पनि दुवै विद्यालयमा उपभोक्ता समिति गठन नहुँदा निर्माण अघि बढ्न सकेको छैन । उपभोक्ता समितिमा बस्ने जनशक्तिको अभावका कारण दुवै विद्यालयका योजना अघि बढ्न नसकेको वडाध्यक्ष बृहस्पति शर्माले बताउनुभयो । एउटा योजनामा सात जना समिति र तीन जना अनुगमन समिति गरी १० जना उपभोक्ता आवश्यक पर्दछ । "एउटा योजनामा बसेको उपभोक्ता उक्त योजना सम्पन्न नभएसम्म अर्कोसमितिमा बस्न नपाउने प्रावधानका कारण उपभोक्ता समिति गठन गर्न कठिनाइ भइरहेको छ", उहाँले भन्नुभयो । समितिमा बस्न योग्य अधिकांश युवा अन्य योजनामा बसेका र उमेर पुगेका स्थानीय बजार केन्द्रीत हुँदा जनशक्ति अभाव भएको अध्यक्ष शर्माको भनाइ छ । "उपभोक्ताको सङ्ख्या पुऱ्याउन कठिन छ", उहाँले भन्नुभयो, "उपभोक्ताको भेला, बैठक राखेर काम गर्न गाउँमा मान्छे छैनन् ।" वडा कार्यालयले यो आर्थिक वर्षमा साना ठूला गरी वडाभित्र ४९ योजना तयार गरेको छ । वडा, गाउँपालिका, प्रदेश र सङ्घीय सरकारका अधिकांश कार्यक्रम उपभोक्ता समितिमार्फत गर्नुपर्ने प्रकृतिका छ । शिक्षक, कर्मचारी र राजनीतिक दलमा आवद्ध पदाधिकारीउपभोक्ता समितिमा बस्न पाउँदैनन् । अध्यक्ष शर्माले भन्नुभयो, "गाउँमा कि बालबालिका, कि ज्येष्ठ नागरिक धेरै छन्, काम गर्ने उमेर समूहका व्यक्ति पाउन मुस्किलछ ।"

वडा-५ का वडाध्यक्ष ज्ञाननाथ कँडेलले समितिमा बसेर काम गर्दा प्राविधिक ज्ञान आवश्यक पर्ने तथा व्यक्तिगत खर्च हुने भएकाले उपभोक्ताले दायित्व बोक्न नचाहने प्रवृत्ति बढेको बताउनुभयो । अध्यक्ष, सचिव र कोषाध्यक्षबाहेक अन्य सदस्यलाई उपभोक्ता समिति दोहोरिँदा समस्या नआउने गरी व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

# चैते दसैँमा पाँच लाख धार्मिक पर्यटक

**रासस**
गलकोट, १२ चैत

चैते दसैँ बागलुङको मौलिक मेला नेपालभर चर्चित छ । चैते दसैँ मेला प्रसिद्ध कालिका भगवती मन्दिरसँग जोडिएकाले पछिल्लो समय दर्शनार्थीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । चैते दसैँका अवसरमा कालिका मन्दिर दर्शन गर्न र मेला भर्न नेपालका विभिन्न जिल्ला र भारतबाटसमेत धार्मिक पर्यटक भित्रिने गरेका छन् ।

मुस्ताङको मुक्तिनाथ दर्शनका लागि पुगेका धार्मिक पर्यटकसमेत पछिल्लो समय कालिका मन्दिरमा आउने गरेका छन् । चैते दसैँ सुरु भएसँगै कालिका मन्दिरमा दर्शनार्थीको भीड लाग्ने गरेको छ । दर्शनार्थी चढेका सवारी व्यवस्थापनका लागि ट्राफिक प्रहरीलाई समेत सकस हुने गरेको छ ।

नवरात्रि सुरु भएसँगै कालिका मन्दिरमा टाढाटाढाबाट भक्तजन आउनेक्रम सुरु भएको छ भने रमाइलो मेला, विभिन्न घरायसी सामग्रीका कक्ष तथा स्थानीय उत्पादनका कक्षमा व्यापारसमेत सुरु भइसकेको कालिका भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । चैते दसैँका अवसरमा पाँच लाख धार्मिक पर्यटकले बागलुङ कालिका मन्दिर दर्शन गर्ने कालिका मन्दिर गुठी व्यवस्थापन समिति तथा चैते दसैँ मेला मूल आयोजक समितिले जनाएको छ । नेपालकै महत्वपूर्ण मेलामध्येको एक चैत्राष्टमी मेला यस वर्ष चैत १३ गतेदेखि सञ्चालन गर्ने बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । हरेक वर्षको चैते दसैँको अवसर पारेर प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य बागलुङ कालिका भगवती मन्दिरको परिसरमा सञ्चालन हुने यो मेला यही चैत १३ देखि १७ गतेसम्म सञ्चालन हुने मेला मूल आयोजक समिति कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । "नवरात्रदेखि पूर्णिमासम्म पाँच लाख दर्शनार्थीले कालिका मन्दिर आउने लक्ष्य छ, नवरात्रको चौथो दिनदेखि नै धार्मिक पर्यटक बोकेका सवारीसाधनलाई बाङ्गेचौर खेल मैदानमा व्यवस्थापन गर्न थालिएको छ, दिनप्रतिदिन कालिका मन्दिरमा दर्शनार्थीको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको छ", खड्काले भन्नुभयो, "परम्परागत चैते दसैँको सबै तयारी पूरा भइसकेको छ, अहिले रमाइलो मेला सुरु भइसकेको छ, चैते दसैँको मेलाको उद्घाटन चैत १३ गते हुनेछ ।" अहिले कालिका मन्दिरको पार्किङस्थलमा सवारीसाधन नआएका कारण बाङ्गेचौर खेल मैदानमा पठाइएको ट्राफिक कार्यालयका निमित्त प्रमुख प्यामनारायण पौडेलले जानकारी दिनुभयो । ' गन्तव्य बागलुङ कालिका-कला, संस्कृतिको प्रवर्शन, स्थानीय उत्पादन, व्यापार र पर्यटन प्रवर्द्धन' भन्ने मूल नारका साथ यस वर्षको चैते दसैँ मेलाको सबै तयारी पूरा भइसकेको खड्काले बताउनुभयो । कला, संस्कृति, स्थानीय उत्पादन र धार्मिक पर्यटन प्रवर्द्धनमा चैते दसैँ मेला र बागलुङ कालिका मन्दिरले ठूलो टेवा पुऱ्याउँदै आएको स्थानीय दुर्गाबहादुर आचार्यको भनाइ छ । चैते दसैँका अवसरमा रु एक करोड लागतमा मन्दिरको जीर्णोद्वार गरी कलात्मक बनाइएको छ । मन्दिरसँगै विभिन्न काष्ठकला प्रयोग गरी हवन कुण्ड, शिवालय र गणेश मन्दिरसमेत निर्माण गरिएपछि कालिका मन्दिर थप आकर्षक बनेको छ । बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिको आयोजनामा सञ्चालन हुने मेलामा विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ । रु तीन लाख नगद पुरस्कारसहितको कालिका खुला पुरुष भलिबल प्रतियोगिता, रु एक लाख ५० हजार पुरस्कारसहितको राष्ट्रियस्तरको लोकदोहोरी प्रतियोगिता, छोलो प्रतियोगिता र रथ यात्रालगायतका कार्यक्रम आयोजना गरिएको कालिका कपका मूल संयोजक अर्जुन खड्काले जानकारी दिनुभयो ।

पछिल्ला वर्षमा विभिन्न ठाउँमा व्यापारिक मेला आयोजना हुने गरेको भए पनि नेपालकै प्राचीन मेला मानिएको यो मेलाको आफ्नै महत्व र इतिहास रहेको बुढापाका बताउँछन् । पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाकी राजकुमारी विवाह गरेर ल्याउँदा दाइजो दिएको कालिका मूर्ति घनाजङ्गलको बीचमा बिसाएर उठाउन खोज्दा नसकेपछि सोही ठाउँमा स्थापित गरी पूजा गर्ने चलन बसेको मन्दिरको अभिलेखमा उल्लेख छ । कालिका भगवती मन्दिर विसं १५९१ मा स्थापना गरिएको इतिहास छ । चैते दसैँ मेलामा घरायसी प्रयोजनका सामग्री डाला, नाङ्ला, ठेका, हातहतियारलगायत वस्तुको परम्पराकालदेखि नै किनमेल हुने गरेको छ ।

# दोस्रो सिकार याम : ढोरपाटनमा १२ नाउर र नौ झारलको सिकार हुने

**रासस**
गलकोट, १२ चैत

नेपालकै एक मात्र सिकार आरक्ष ढोरपाटनमा यस वर्षको दोस्रो याममा २१ वन्यजन्तुको सिकार हुने भएको छ ।

बोलपत्र प्रक्रियाबाट छानिएका सात कम्पनीमार्फत १२ नाउर र नौ झारलको सिकार हुने छ । यस वर्षको दोस्रो याम (फागुन-वैशाख) का लागि सात कम्पनीबाट आठ देशका सिकारीले सिकार गर्न लागेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपाल वाइल्ड लाइफ एडभेन्चर, सफारी आउटफिटर्सबाट अमेरिकाका सिकारीले फागुनेमा एक नाउर र एक झारल, श्री हिमालयन वाइल्डफाइफ आउट फिट्सबाट अमेरिकाका सिकारीले वार्सेमा एक नाउरको सिकार गर्ने छन् । श्री ट्याक्स एन ट्रेल्स प्रालिबाट क्यानाडाका सिकारीले गुस्तुङमा एक नाउर र एक झारलको, श्री ग्लोबल सफारिज नेपाल प्रालिबाट हङ्गेरीका सिकारीले गुस्तुङमा एक नाउर र एक झारलको र फ्रान्सका सिकारीले सुनदहमा एक नाउर र एक झारलको शिकार गर्ने अनुमति पाएको उहाँको भनाइ छ ।

श्री ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक्स प्रालिबाट पोर्चुगलका सिकारीले सुनदहमा एक नाउर, श्री नेपाल ट्राभल एक्स्पेडिसन प्रालिबाट पोल्याडका सिकारीले दोगाडीमा एक नाउर, रसियाली सिकारीले दोगाडीमा एक नाउर र गुस्तुङमा एक झारल, स्पेनिस सिकारीले वार्सेमा एक नाउर र गुस्तुङमा एक झारल र श्री हिमालयन सफारिस प्रालिबाट अमेरिकाका तीन सिकारीले सिकार गर्ने भएका छन् । उनीहरुले दोगाडीमा एक नाउर र सेडमा एक झारल, सेड्मा एक नाउर र सुनदहमा एक झारल, दोगाडीमा एक नाउर र गुस्तुङमा एक झारलको सिकार गर्ने ढोरपाटन सिकार आरक्षले जनाएको छ ।

सिकारका लागि दुई सिकारी ढोरपाटन आइपुगेको अधिकृत कँडेलको भनाइ छ । श्री ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक्स प्रालिबाट सुनदहमा एक नाउरको सिकारका लागि पोर्चुगलका सिकारी ओलिभा डे एन्ड्राडे भिलारिन्हो जोस मिगुएल र श्री हिमालयन वाइल्डलाइफ आउटफिटर्स, स्युचाटारबाट वार्सेमा एक नाउरको सिकारका लागि अमेरिकाका चार्ल्स हेरोल्ड वेकल आरक्ष आइपुगेको उहाँले जानकारी दिनुभयो । याम सुरु भएपछि सिकारीहरू आउने क्रम जारी रहेको छ ।

पहिलो याम (असोज-मङ्सिर) मा एउटा नाउरको रु २० लाख पाँच हजार र झारलको रु छ लाख राजस्व बुझाइएको थियो । सिकारको माग बढी हुँदा राजस्वको दर पनि बढ्ने र माग घट्दा राजस्व पनि घट्ने गरेको उहाँको भनाइ छ । यस वर्षको पहिलो सिजनमा आठ नाउर र छ झारलको सिकार कोटा निर्धारण गरिए पनि सात नाउर र पाँच झारलको मात्र सिकार भएको थियो । दोस्रो यामअन्तर्गत चैतको पहिलो सातादेखि सिकार खेल्न सुरु भएको छ । सिकारी हेलिकप्टरबाट आरक्षमा पुग्ने गर्छन् । ढोरपाटनमा प्रत्येक वर्ष असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई पटक सिकार खुल्छ ।

# लयमा फर्किंदै बन्दीपुरको होटल व्यवसाय

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ चैत

पछिल्ला दिन 'पहाडकी रानी'ले परिचित बन्दीपुरमा आन्तरिक एवं बाह्य पर्यटकको चहलपहल बढेको छ । पर्यटकको चहलपहल भएसँगै बन्दजस्तै भएको यहाँको होटल व्यवसायले पनि गति समात्न थालेको छ ।

बन्दीपुरका होटल व्यवसायी सूर्य ढकाल भन्नुहुन्छ, "बन्दजस्तै भएको व्यवसाय अहिले केही मात्रामा चयलायमान भएको छ ।" सर्वजानिक बिदा र शनिबारको दिनमा बन्दीपुरमा आन्तरिक पर्यटकको आवतजावत बढिरहेको उहाँ बताउनुहुन्छ । पूर्वाधारमा सहज व्यवस्थापन नहुँदा पनि केही असर गरेको उहाँको भनाइ छ । त्यस्तै बन्दीपुरका पर्यटन व्यवसायी काशीनाथ गुरुङ भन्नुहुन्छ, "पहिले-पहिले पर्यटक धेरै आउँथे, फुर्सद नै थिएन ।" अहिले यहाँ पर्यटक कम मात्रामा आउने गरेको व्यवसायी गुरुङ बताउनुहुन्छ । "दुई वर्ष कोरोनाले पर्यटक नै शून्य भए, अहिले सिजन हो, आउनुपर्ने जति पर्यटक बन्दीपुर आउन सकेका छैनन्", उहाँ भन्नुहुन्छ, "राजमार्ग विस्तार गर्ने क्रममा घाम लाग्दा धुलो र पानी पर्दा हिलो हुने समस्याले सडकमार्गको यात्रामा समस्या हुँदा पर्यटक घटेको अनुभव गरेका छौँ ।" सहज यात्रा चाहने पर्यटक हवाईमार्फत सिधा पोखरा जाने गर्दा यहाँ आउने विदेशी पर्यटक घटेका उहाँको भनाइ छ । अहिले विदेशी पर्यटक 'प्याकेज'मा मात्रै आउने गरेको बन्दीपुर पर्यटन बोर्डका अध्यक्ष किसान प्रधान बताउनुहुन्छ । "दुई वर्ष अगाडि प्याकेजबिना पनि पर्यटक आउने गर्दथे, तर अहिले प्याकेजमा मात्रै आउने गरेका छन्", उहाँले भन्नुभयो ।

यस वर्ष सडक विस्तारले पनि केही समस्या भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सडक सहज नबन्दा पनि बेसिजनमा आउने पर्यटक भने पक्कै घटेका छन्, राजमार्ग विस्तार सकिएपछि अझै पर्यटक बढ्ने अपेक्षा गरेका छौँ ।" उहाँका अनुसार अहिले प्याकेजमा भने दैनिक २० देखि २५ विदेशी पर्यटक बन्दीपुर भित्रिने गरेका छन् । "सिजन तथा बेसिजनमा विदेशी पर्यटक बन्दीपुरमा जतिबेला पनि देखिन्थ्यो, अहिले प्याकेजमा मात्रै आउने गरेका छन्, यसले बन्दीपुरको व्यवसाय पनि घटेको प्रत्यक्ष देखिन्छ", अध्यक्ष प्रधानले भन्नुभयो । बन्दीपुरमा विशेषगरी चीन, फ्रान्स, जर्मनबाट पर्यटक आउने गरेका छन् । विदेशी पर्यटक यहाँको हावापानी, रहनसहन, रीतिरिवाज र पुरानो घर देखेर आकर्षित हुने गरेको बन्दीपुर पर्यटन बोर्डका पूर्वअध्यक्ष एवं होटल व्यवसायी वैश गुरुङ बताउनुहुन्छ । परम्परागत पुराना घर, यहाँको रहनसहन, स्वागत-सम्मान, ढुङ्गाले बिछ्याएको बाटोघाटोले पर्यटकलाई आकर्षित गर्ने गरेको छ । गाउँपालिकाले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन मिनी ग्रेटवाल निर्माण गरिरहेको छ । बन्दीपुर गाउँपालिका-२ स्थित थानीमाई मन्दिरबाट निर्माण सुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडामा पुगेर टुङ्गिन्छ ।

विगत दुई वर्षदेखि निर्माण सुरु भएको मिनी ग्रेटवाल निर्माण नसकिँदै पर्यटकको रोजाइमा पर्न थालेको हो । बन्दीपुर घुम्न आएका अधिकांश पर्यटक उक्त ठाउँका बारेमा चासो लिने गरेका छन् । बन्दीपुरमा अझै पर्यटक वृद्धिका लागि संरचना निर्माणलाई गाउँपालिकाले विशेष प्राथमिकता दिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो ।

कुल साढे दुई किलोमिटर दूरी रहने मिनी ग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना गाउँपालिकाको छ । यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा सयर, पुष्पलाल स्मृति उद्यान, मुकुन्देश्वरी उद्यान, सिसाको पुललगायतका संरचना निर्माण गर्ने योजना छ । विश्वकै प्रसिद्ध ग्रेटवालको झल्को दिने गरी निर्माण गरिएको पदमार्ग पर्खालले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । मुकुन्देश्वरी डाँडा तत्कालीन राजा मुकुन्द सेनले शासन गरेको ठाउँ हो । उक्त पदमार्ग पर्खाललाई पनि 'मुकुन्देश्वरी पर्खाल'को नामकरण गरिएको हो । सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । यहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ आउन आकर्षित हुने गर्दछन् ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# खानेपानी ट्याङ्कीमा भेटियो शव

पोखरापत्र संवाददाता
दमौली, १२ चैत

तनहुँका म्याग्दे गाउँपालिका-४ मनहरिस्थित खानपानीका ट्याङ्कीमा शव भटिएका छ । पृथ्वीराजमार्गका मनहरि नजिकै रहका मनहरि पीपलटार खानपानीका ट्याङ्कीमा आइतबार बिहान शव भटिएका हा ।

घरघरमा वितरण गरिएका धाराबाट आएका पानीमा गन्ध आएका उपभाक्ताका गुनासापछि खानपानी उपभाक्ता समितिल ट्याङ्की खालर हर्दा शव फला परका उपभाक्ता समितिका सचिव चन्द्रकुमार मल्लल जानकारी दिनुभया । "दुई/तीन दिन अगाडिदेखि उपभाक्ताल पानी गन्हाया भनर गुनासा गर्नुभएका थिया, आज बिहान ट्याङ्कीका ढकन खालर हर्दा शव दख्यौँ", मल्लल भन्नुभया । पृथ्वीराजमार्ग विस्तारका क्रममा सडक छउका पानीका पाइप पटकपटक काटिन गरकाल साही कारण पानी धमिला आएका हा कि भन्न शङ्का आफूलाई भएका उहाँल बताउनुभया । "दैनिकजसा पाइप काटिन्छ, त्यसैल पानीमा कही गन्ध आया कि भन्न लागका थिया, तर अलि बढी नै भएपछि ट्याङ्की हर्यौं न त भनर आज दुई जना भएर ढकन खालर हर्दा शव दखपछि हामी नै भ्रसङ्ग भयौं", मल्लल भन्नुभया । उहाँल उक्त शव कसका हा भन्न खुलिनसकका र हत्या गरर फालका हुनसक्न दखिएका जानकारी दिनुभया । "ढक्कन खाल्दा सुरुमा कपाल जस्ता दख्यौं, पछि कपडा पनि दख्यौं, तत्काल प्रहरीलाई खबर गरर बालायौं", उहाँल भन्नुभया । उपभाक्ता समितिल मनहरिका एक सय ३८ घरधुरीमा पानी वितरण गर्दै आएका छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माहनबहादुर खाणल पानी ट्याङ्कीमा शव फला परका जानकारी दिँदै अनुसन्धान सुरु गरिएका बताउनुभया । "प्रहरी निरीक्षकसहितका टाली घटनास्थल पुगर अनुसन्धान सुरु भइसकका छ, मृतकका नामथर वतन खुलका छैन", उहाँल भन्नुभया ।

# जुत्ता व्यवसायी संघको साधारणसभा तथा वनभोज सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

जुत्ता व्यवसायी संघ कास्कीको छैटौं साधारणसभा तथा वनभोज कार्यक्रम शनिवार सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि संघीय सांसद मन बहादुर गुरुङले साधारणसभाको उद्घाटन गर्दै देशको अर्थतन्त्र विग्रदै गएको बताउँदै रोजगारीका श्रोत नहुँदा नेपालीहरु विदेशिनु परेको र यहीँ केही गरी जीविकोपार्जन गर्छु भन्नेहरुलाई व्यवसायमैत्री वातावरण नभएकोले अब यी सबै कुराको समाधान निकाल्न जरुरी भएको र त्यसको लागि सबै व्यवसायीहरुसँग हातमा हात र साथमा साथ मिलाउँदै अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले



यतिधेरै समस्याका वावजुद पनि आफ्नो व्यवसायलाई निरन्तरता दिनु नै व्यवसायीहरुको महानता हो भन्दै संस्थाको सफलताको कामना गर्नुभयो । कार्यक्रममा पृथ्वी होटल व्यवसायी समिति अध्यक्ष बालकृष्ण निउरे, थोक व्यवसायी संघ कास्कीका अध्यक्ष टिकाराम सुवेदी, संस्थाका सल्लाहकार दुर्गा सुवेदी, संस्थापक अध्यक्ष पवित्र बहादुर नेपाली, निवर्तमान अध्यक्ष मोहनराज पौडेल लगायतले शुभकामना मन्तव्य राख्दै बैंकको चर्को व्याजदर, घरभाडाका समस्या, सरकारको व्यवसायीप्रतिको उदासिना, भ्याट, ट्याक्सले व्यवसायीलाई पारेको अप्ठ्यारो लगायतका अवस्थामा पनि व्यवसाय संचालन गर्नुपर्दा कहिँ कतैबाट व्यवसायीका नाममा अनुकुलको वातावरण सरकारले बनाउन नसकेको धारणा राख्नुभएको थियो ।

कार्यक्रममा संस्थालाई सरसहयोग गर्ने व्यक्तिलाई सम्मान, पुराना व्यसायी कृष्ण प्रसाद पौडेल, कक्षा १२ पास गर्ने छात्रछात्राहरु, विभिन्न कार्यक्रममा कार्यक्रम संयोजक भई सहयोग गर्ने सदस्यहरु तथा संस्थालाई बेलाबेलामा भौतिक तथा नैतिक सहयोग गर्ने संस्थापक अध्यक्ष पवित्र बहादुर नेपाली लगायतलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष वेद प्रसाद ढकालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रमको संचालन महासचिव हेमकृष्ण श्रेष्ठले गर्नुभएको थियो ।

# 'संस्थागत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम' कार्यान्वयनमा

पोखरापत्र संवाददाता
म्याग्दी, १२ चैत

म्याग्दीको मङ्गला गाउँपालिकाले सुत्केरीलाई कुखुराको भाले उपहार दिन थालेको छ । 'संस्थागत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम'मार्फत भाले उपहार दिन थालेको हो ।

गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख लेखनाथ रोकाले शिशु र आमाको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति हुनेलाई कुखुराको भाले उपहार दिन थालिएको बताउनुभयो ।

"गर्भ र सुत्केरी परीक्षण गराई बच्चा र आमाको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन सुत्केरीलाई भेट्न जनप्रतिनिधि र स्वास्थ्यकर्मी भाले लिएर घरमै जाने गरेका छौं", उहाँले भन्नुभयो, "घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भपरीक्षण नगराउने समस्या हटाउन गाउँपालिकाले उपहारसहित विभिन्न सन्देशमूलक अभियान सञ्चालन गरेको हो ।" तोकिएको मितिमा आठपटक गर्भ र सुत्केरी परीक्षण गर्दा हरेकपटक एक-एक क्रेट अन्डा र संस्थागत प्रसूति हुनेलाई एक कुखुराको भाले दिने गरिएको हो । संस्थागत सुत्केरी हुनेलाई सङ्घीय सरकारले यातायात खर्चवापत रु दुई हजार र गर्भपरीक्षण गर्नेलाई थप रु आठ सय उपलब्ध गराउने गरेको छ । अन्डा र भाले गाउँपालिकाको बजेटबाट उपलब्ध गराइएको हो । पाँच वडा रहेको मङ्गलामा वार्षिक ७०-८० जनाको अनुपातमा संस्थागत सुत्केरी हुने गरेका छन् । कुहुँ, अर्मन र बरङ्जा स्वास्थ्यचौकीमा प्रसूति सेवा उपलब्ध छ । नियमित गर्भ र सुत्केरी परीक्षण गराउँदा आमा र बच्चाको स्वास्थ्य अवस्था तथा समस्या पहिचान गरेर जोखिमको व्यवस्थापन गर्न सहज हुने स्वास्थ्यकर्मीले बताएका छन् । चालु आर्थिक वर्ष २०७९/८० मा संस्थागत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमका लागि रु पाँच लाख बजेट विनियोजन भएको छ ।

कार्यक्रमबाट गर्भवती र सुत्केरीको खानपान, सरसफाइ र स्याहार सुधारमा जागरण आएको गाउँपालिकाका उपाध्यक्ष पेमा अधिकारीले बताउनुभयो । गर्भवती, सुत्केरी र बच्चाको स्वास्थ्य, पोषण, आहरा र सरसफाइमा जागरण ल्याउन कार्यक्रमले सहयोग पुगेको उपाध्यक्ष अधिकारीले बताउनुभयो ।

# सहरका शैक्षिक संस्थाभन्दा कम छैन, शान्ति मावि

पोखरापत्र संवाददाता
बागलुङ, १२ चैत

बागलुङको सबैभन्दा दूरको गाउँ खुङ्खानी । तमानखोला गाउँपालिका-५ मा पर्ने खुङ्खानी गाउँमा पालिका केन्द्र बोङ्गादोभान हुँदै विभिन्न खोलानाला, जङ्घार र भिरपहारा छिचोल्दै पुगु पर्छ ।

भौगोलिकरूपमा निकै विकटमा रहेको खुङ्खानीगाउँ छेउमै चिटिक्क रङरोगन गरेर सिङ्गारिएका केही भवन देखिन्छन् । भवन वरिपरि घेराबारले लगाएर सुरक्षित गरिएको यो शान्ति माध्यमिक विद्यालय हो । दुर्गम गाउँमा यत्ति चिटिक्क परेको विद्यालय ठूला सहरका शैक्षिक संस्थाभन्दा कम छैन ।

आधा दशक अगाडिसम्म जीर्ण भवन, खानेपानी र शौचालयको अभावमा गुज्रिएको यस विद्यालयले अहिले मुहार फेरेको छ । भौतिक संरचनामा मात्रै होइन, शैक्षिक गुणस्तरमा पनि विद्यालयले फड्को मारेको छ । केही वर्ष पहिलेसम्म विद्यार्थी धुलोमै बसेर पढ्ने गर्थे । पर्याप्त डेस्क- बेन्च थिएनन् । खानेपानी र शौचालयको अवस्था पनि उस्तै थियो । जब स्थानीय सरकार आयो, तब शान्ति माविको स्वरुप नै परिवर्तन भएको छ ।

गाउँको विद्यालय भए पनि यहाँ डिजिटल माध्यमबाट पढाइ हुन थालेको छ । प्रविधिमैत्री शिक्षा अवलम्बन गरेको विद्यालय जिल्लाकै नमूना बनेको छ । भौगोलिक विकटताका कारण विभिन्न समस्या भत्र्दै आएको शान्ति मावि अहिले बजारका विद्यालयका लागि पनि प्रेरणाको स्रोत बनेको छ । जिल्ला सदरमुकाम नजिकै रहेका कतिपय सामुदायिक विद्यालयमा अहिले पनि डिजिटल माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप हुँदैनन्, तर यहाँ अघिल्लो वर्षदेखि नै 'पेपरलेस' पढनपाठन सुरु गरेको विद्यालयका प्रधानाध्यापक सत्यनारायण सिंहले बताउनुभयो । सिंहले पछिल्लो आधा दशकमा विद्यालयले भौतिक संरचना र शैक्षिक गुणस्तरमा धेरै सुधार गरेको बताउनुभयो । उहाँले अहिले आफूहरूले समयानुसार प्रविधिमैत्री शिक्षालाई प्राथमिकतामा राखेर पठनपाठन सुरु गरेको बताउनुहुन्छ । उहाँले पाँच वर्ष अगाडिसम्म विद्यालय भौतिक, शैक्षिक र अन्य प्राविधिकरूपमा कमजोर रहेको सुनाउँदै अहिले अब्बल बन्न थालेको बताउनुभयो । कक्षा१-५ स्थानीय पाठ्यक्रम लागू गरेको र कक्षा ६-१० डिजिटल माध्यमबाट पठनपाठन हुने गरेको प्रधानाध्यापक सिंहको भनाइ छ । "आजभन्दा पाँच-सात वर्ष अगाडि विद्यालयको अवस्था निकै दयनीय थियो, कक्षाकोठा नपुग्दा बालबालिकालाई भुइँमै राखेर पढाउनुपर्थ्यो, पूर्वाधार जीर्ण थिए, विद्यालय घेराबार थिएन, असुरक्षित थियो" प्रधानाध्यापक सिंहले भन्नुभयो, "अहिले विद्यालयमा धेरै संरचना बने, शैक्षिक गुणस्तर पनि राम्रो भएको छ, अब हाम्रो ध्येय भनेको शैक्षिक गुणस्तरलाई बढाउनु हो, हामी सोहीअनुसार लागिरहेका छौं, अहिले पनि धेरै सुधार गरेका छौं ।" पूर्वाधारमा सम्पन्न भएसँगै विद्यालयले शैक्षिक गुणस्तरलाई पनि बढाएको छ भने विद्यार्थी सङ्ख्या पनि बढेको छ । पहिले ४० प्रतिशतमात्रै शैक्षिक प्रगति गरेको विद्यालयले अहिले ८० प्रतिशत बढी उपलब्धि हासिल गर्न थालेको प्रअ सिंह बताउनुहुन्छ । पहिले दुई सय विद्यार्थी हुने गरेकामा अहिले करिब साढे तीन सय विद्यार्थीले अध्ययन गरिरहेको उहाँको भनाइ छ । विद्यालयप्रति समुदाय र अभिभावकको भरोसा बढेपछि विद्यार्थीको आकर्षण बढेको उहाँले जानकारी दिनुभयो । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगर यस विद्यालय विकटमा रहेर पनि छुट्टै पहिचान बनाउन सफल भएको बताउनुहुन्छ ।

गाउँपालिकाले शिक्षा क्षेत्रमा लगानी गरेको जनाउँदै लगानीअनुसार शान्ति माविले प्रतिफल दिन थालेको उहाँको भनाइ छ । अध्यक्ष बुढामगरले पहिलो कार्यकालको सुरुआतदेखि नै शिक्षालाई प्राथमिकतामा राखेर काम गरेको भन्दै अहिले पनि पालिकाका थुप्रै विद्यालयमा सुधार गरिरहेको बताउनुभयो । अध्यक्ष बुढामगर भन्नुहुन्छ, "खुङ्खानी गाउँ भौगोलिक हिसाबले टाढा र विकटमै छ, यहाँ विकास गर्न त्यत्ति सहज थिएन, तर पनि निरन्तरको प्रयासले सफल भयौं, अहिले एउटा चरणमा पुग्यो, विद्यार्थीको चाप पनि राम्रो छ, गुणस्तरलाई बढाउनतर्फ जोड दिएका छौं, इन्टरनेट र अन्य प्राविधिक सहयोग पनि गाउँपालिकाले गरिरहेको छ ।" कक्षा १० सम्म पढाइ हुने यस विद्यालय वि.सं २०२१ मा स्थापना भएको थियो ।

वि.सं २०४२ देखि निम्नमाध्यमिक र २०६४ बाट माध्यमिक तह पढाइ हुँदै आएको छ । यहाँ १० कक्षासम्म पढाइ सकेर उच्च शिक्षाका लागि विद्यार्थी पालिकाको केन्द्र रहेको बोङ्गादोभानस्थित जनजागृति माध्यमिक विद्यालयमा पुग्नुपर्छ ।

यसैगरी तमानखोला गाउँपालिका-६ नर्जाखानी, पाल्ते, भित्रीवनलगायतका गाउँबाट विद्यार्थी दैनिक छ घण्टा हिँडेर माध्यमिक तहको अध्ययन गर्दै आएका छन् । वडा नं ६ का दर्जनौं विद्यार्थी आधारभूत तहको पढाइ विष्णु आधारभूत विद्यालय नर्जाखानीमा सकेपछि उनीहरू शान्ति माध्यमिक विद्यालयमा पुग्नुपर्छ । नर्जाखानीबाट शान्ति मावि खुङ्खानी पुग्न तीन घन्टा बढी लाग्छ ।

वर्षौंदेखि घन्टौं हिँडेर माध्यमिक शिक्षा हासिल गर्दै आएका नर्जाखानी क्षेत्रका विद्यार्थीले अब छात्रवासमै बसेर माध्यमिक तहको पढाइ गर्न पाउने भएका छन् । शान्ति माविमा छात्राबास सञ्चालनका लागि चालु आर्थिक वर्षमा तमानखोला गाउँपालिकाले रु दुई लाख ५० हजार विनियोजन गरेको प्रधानाध्यापक सत्यनारायण सिंह बताउनुहुन्छ । नर्जाखानीबाट आएर कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीका लागि आवासीय सुविधा दिने भएको उहाँको भनाइ छ । प्रधानाध्यापक सिंहले भन्नुभयो, "यहाँका विद्यार्थीलाई निकै समस्या थियो, दैनिक छ घन्टा पूरै हिँड्नुपर्थ्यो, हिँडाइको थकाइले गर्दा उनीहरूमा पढाइप्रति रुचि कम हुने गरेको पाइयो, त्यसले गर्दा यस वर्षबाट छात्रबासमा राखेर पढाउन थालेका छौं, यस वर्ष छोटो समय राख्यौं, आगामी वर्षदेखि थप व्यवस्थापनका साथ विद्यार्थीलाई सहज हुने गरी पठनपाठन गराउँछौं ।"

# नेपाल रसियासँग पराजित

रासस
काठमाडौं, १२ चैत

साफ यू-१७ महिला च्याम्पियनशिप फुटबल प्रतियोगिताको आफ्नो तेस्रो खेलमा नेपाल रसियासँग पराजित भएको छ ।

बङ्गलादेशको ढाकास्थित बिएसएसएस मोस्ताफा कमल स्टेडियममा आज भएको खेलमा रसियाले नेपाललाई ३-० गोल अन्तरले पराजित गरेको हो । खेलको पहिलो हाफमा रसियासँग गोलरहित बराबरीमा खेलेको नेपालले दोस्रो हाफमा तीन गोल खायो ।

रसियाको जितमा एलिना गोलिकले दुई तथा पोलिना फिलसिनाले एक गोल गरिन् । खेलको ६३औं मिनेटमा एलिनाले गोल गर्दै रसियालाई सुरुआती अग्रता दिलाएकी थिए । खेलको ७४औं मिनेटमा एलिनाले व्यक्तिगत दोस्रो गोल गर्दै रसियालाई २-० को अग्रता दिलाइन् । त्यसपछि खेलको ८३औं मिनेटमा पोलिनाले गोल गर्दै रसियालाई ३-० को जित दिलाइन् । यस जितसँगै रसियाले तीन खेलमा ९ अङ्क जोडेको छ । रसिया शीर्ष स्थानमा उक्लिएको छ । यता नेपालको यो दोस्रो हार हो । नेपाल तीन खेलमा ३ अङ्क जोडेर चौथो स्थानमा रहेको छ ।

प्रतियोगितामा आयोजक बङ्गलादेश, नेपाल, भारत, भूटान र रसियाको सहभागिता रहेको छ । नेपालले राउन्ड रोबिन लिगको अन्तिम खेलमा मङ्गलबार आयोजक बङ्गलादेशसँग खेल्नेछ ।

# सत्य निरुपणसम्बन्धी विधेयक स्वीकृत

रासस
काठमाडौं, १२ चैत

प्रतिनिधिसभाबाट 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक २०७९ माथि विचार गरियोस्' भन्ने बहुमतले प्रस्ताव स्वीकृत भएको छ ।

बैठकमा प्रधानमन्त्री एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विधेयकमाथि उक्त प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । प्रस्ताव प्रस्तुत गर्दै उहाँले सत्यको छानबिन र परिपूरण हुनुपर्छ भन्ने मान्यता रहेको विधेयकमा शान्ति सम्झौताका हस्ताक्षर कर्ता, राजनीतिक दल र आम जनताको साझा विषय रहेको बताउनुभयो । मन्त्री शर्माले भन्नुभयो, "शान्ति प्रक्रियालाई आफ्नै मौलिक ढङ्गले टुङ्ग्याउने प्रयास भइरहेको छ, यो कुनै दल र नेताको मात्र विषय होइन ।" उहाँले शान्ति प्रक्रियाका सबै काम टुङ्ग्याउन र समृद्ध बनाएर अघि बढ्नुपर्ने भन्नेमा सबैको साझा धारणा रहेको बताउनुभयो ।

विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री शर्माले विगतको सहमति र सबै पार्टीका जिम्मेवार नेताहरूसँग आवश्यक छलफल र परामर्शपछि विधेयक अघि बढाइएको बताउँदै यसलाई दुई वर्षभित्र टुङ्ग्याउने उल्लेख गर्नुभयो । साथै उहाँले विधेयकमा गम्भीर प्रकृतिका मुद्दामा आममाफी दिने कुरा उल्लेख नभएको स्पष्ट पार्दै विधेयकमा कुनै त्रुटि छ भने पनि दफावार छलफलका क्रममा समाधान गर्न सकिने बताउनुभयो ।

उक्त विधेयकमाथिको छलफलमा भाग लिँदै नेपाली काँग्रेसका विश्वप्रकाश शर्मा, रमेश लेखक, ज्ञानेन्द्रबहादुर कार्की, अर्जुननर सिंह केसी, बद्री पाण्डे, जीवन परियार र सीता गुरुङ, नेकपा (एमाले)का रघुजी पन्त, पदम गिरी र सुनिता बराल, नेकपा (माओवादी केन्द्र)का जनार्दन शर्मा र शक्ति बस्नेत, राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष परियार, सुमना श्रेष्ठ र गणेश पराजुलीले विधेयकको समर्थन गर्दै छिटोभन्दा छिटो कार्यान्वयनमा लगेर शान्ति प्रक्रियाका थाती काम पूरा गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

# युरोपका नेपाली बालबालिकाका लागि नेपाली पाठशाला

रासस
काठमाडौं, १२ चैत

युरोपका विभिन्न मुलुकमा रहेका नेपाली बालबालिकालाई लक्षित गरेर नेपाली पाठशाला सञ्चालन गरिने भएको छ ।

नेपाली नारी समाज पोर्चुगल र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) पोर्चुगलले संयुक्तरूपमा नेपाली पाठशाला सञ्चालन गर्ने भएको हो ।

युरोपेली मुलुकमा जन्मेका र हुर्केका नेपाली बालबालिकालाई नेपाली भाषा, कला र संस्कृति सिकाउने उद्देश्यअनुरूप नेपाली पाठशाला सञ्चालन गर्न लागिएको नारी समाज पोर्चुगलकी अध्यक्ष सीता श्रेष्ठ शिवानीले राससलाई जानकारी दिनुभयो । "विदेशी भूमिमा हुर्केका नयाँ पुस्तालाई नेपाली भाषा र नेपाली संस्कृति सिकाउनु हाम्रो दायित्व हो, प्रवासमा रहेका बालबालिकामा नेपालीपनको भावना जागृत गराउने र नेपाली भाषा कला र संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने हाम्रो मुख्य उद्देश्य हो", श्रेष्ठले भन्नुभयो ।

भर्चुअल माध्यम जुममार्फत नेपालबाट सञ्चालन गरिने पाठशाला यही नयाँ वर्ष २०८० को आरम्भसँगै सुरु हुने बताइएको छ । पाँचदेखि १० वर्ष उमेर समूहका बालबालिकालाई सहभागी गराइने पाठशाला साताको प्रत्येक शनिबार सञ्चालन हुनेछ । समय अनुकूल मिलाएर विश्वका जुनसुकै मुलुकमा रहेका नेपाली बालबालिकालाई पाठशालामा सहभागी गराउन सकिने समाजले जनाएको छ । पाठशालामा नेपाली भाषासम्बन्धी आधार भूत, सैद्धान्तिक, व्यावहारिक र नेपाली संस्कृतिसम्बन्धी अध्यापन गराइने बताइएको छ ।

अनुभवी नेपाली शिक्षिकामार्फत कखरादेखि नेपाली शब्द, वाक्य, अङ्क लेखन र उच्चारण तथा नेपाली भाषा, कला र संस्कृति सिकाइने अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पोर्चुगलकी अध्यक्ष सवी श्रेष्ठले बताउनुभयो । पाठशाला नेपाली समयअनुसार दिउँसो २:४५ बजे र पोर्चुगलको समयअनुसार बिहान ९:०० बजे सञ्चालन हुनेछ । विदेशी भूमिमा हुर्केका नेपाली बालबालिकालाई पाठशालामा सहभागी गराउन समाजले नेपाली समुदायसँग आग्रह गरेको छ ।